# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८०/८१
चलानी नं १५३०

मितिः २०८०/११/२१

श्री सबै संस्थागत विद्यालयहरु,
कोशी गाउँपालिका, सुनसरी ।

विषयः शुल्क प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा कोशी गाउँपालिका भित्र संचालित सम्पूर्ण संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०८१ मा विद्यालयमा विद्यार्थीहरूसंग लिने प्रस्तावित शुल्क संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका-२०७२ को दफा ६ मा व्यवस्था भएको शुल्क शीर्षक सीमाङ्कन परिधि भित्र रहि तथा दफा ७ मा व्यवस्था भएको शुल्क गणना कार्यविधि अनुसार प्रकृया पुरा गरी शैक्षिक सत्र २०८० मा लिइएको शुल्क तथा २०८१ मा लिईने प्रस्तावित शुल्क विवरण अभिभावकको भेलाबाट पारित गराई विद्यालय व्यवस्थापन समितिको निर्णय सहित मिति २०८०।१२।१० भित्र अनिवार्य रूपमा शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन अनुरोध छ । तोकिएको समयसिमा भित्र शुल्क प्रस्ताव पेश नगर्ने विद्यालयहरूलाई संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ मा व्यवस्था बमोजिम कारबाही हुने समेत जानकारी गराईन्छ ।

<u>संलग्न गर्नुपर्ने कागजातहरू:</u>

१. तोकीएको शुल्क शीर्षकमा लिईने शुल्क सम्बन्धी दुई तिहाई अभिभावकहरूको भेलाबाट पारित भएको माईन्यूटको प्रमणित प्रतिलिपि ।

२. विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

३. विद्यालयको सुरक्षण वापत मुद्धती खातामा राखेको रकमको प्रमाणको प्रतिलिपि ।

४. विद्यालयको निवेदन ।

५. कक्षागत विद्यार्थी सङख्या ।

.............................................
बेदराज अधिकारी
बेदराज अधिकारी / शिक्षा शाखा प्रमुख
अधिकृत छैठौं
शिक्षा शाखा प्रमुख

<u>सादर अवगतार्थः</u>

श्रीमान् अध्यक्षको सचिवालय, जानकारीका लागि सादर अनुरोध छ ।
श्रीमान् उपाध्यक्षको कार्यालय, जानकारीका लागि सादर अनुरोध छ ।
श्री सूचना तथा प्रविधि शाखा, सूचना Website मा अपलोडमा गर्नुहुन ।